बैठक संख्या १९

आज मिति २०७५ साल माघ २३ गतेका दिन गाउँपालिका अध्यक्ष श्री लछिमन बोहोरा ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| श्री लछिमन बोहोरा | अध्यक्ष |
| श्री पुन्नकली महतारा | उपाध्यक्ष |
| श्री दत्त बहादुर बुढा | सदस्य |
| श्री कन्न बोहोरा | सदस्य |
| श्री विर्षराम बोहोरा | सदस्य |
| श्री काली बहादुर रावत | सदस्य |
| श्री डिल बहादुर बुढा | सदस्य |
| श्री धन बहादुर थापा | सदस्य |
| श्री लाल बहादुर बुढा | सदस्य |
| श्री लक्ष्मी बोहोरा | सदस्य |
| श्री जालकली बुढा | सदस्य |
| श्री माया बुढा | सदस्य |
| श्री चैती ऐडी | सदस्य |
| श्री मैना कामी | सदस्य |
| श्री पानकली नेपाली | सदस्य |
| श्री टेक बहादुर बुढ्थापा | सदस्य सचिव |

<u>आमन्त्रितहरु:</u>

| | |
|---|---|
| श्री प्रेम बहादुर शाही | सूचना प्रविधि अधिकृत |

श्री दान बहादुर विष्ट — ना. सु.

श्री महाकृष्ण पाण्डे — लेखापाल

श्री अभयराज रेग्मी — ना सु

<u>बैठकका एजेण्डाहरु</u>:

- ऋणमोक्ष माध्यामिक विद्यालयको प्राथमिक तहको मिलन सम्बन्धमा
- एकीकृत सम्पत्ती कर सम्बन्धा
- विद्यालय भवन निर्माण सम्बन्धमा
- विद्यालय सौचालय निर्माण सम्बन्धमा
- एकीकृत घुम्ती सिविर सम्बन्धमा
- विद्युत मर्मत सम्बन्धमा
- महिला तालिम सम्बन्धमा
- शान्ति सुरक्षा सम्बन्धमा
- विद्यालयको प्र. अ., वि. व्य. स. अध्यक्ष र लेखापालहरुको तालिम सम्बन्धमा
- विद्यालयहरुमा विद्यार्थी भर्ना अभियान सम्बन्धमा

<u>निर्णयहरु:</u>

निर्णय नं.-१

पातारासी गाउँपालिका अन्तर्गत ऋणमोक्ष माध्यमिक विद्यालयको प्राथमिक तहको दरबन्दी मिलानका लागि गाउँशिक्षा समितिको सिफारिस तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प सं ०७५।०७६ च नं ३२९ मिति २०७५।०९।१२ को पत्रलाई समेत मध्यनजर गर्दै आवश्यक कार्यान्वयका लागि शिक्षा तथा समन्वय ईकाइ जुम्लालाई सिफारिस गरि पठाउने निर्णय गरियो।

निर्णय नं.-२

यस पातारासी गाउँपालिको आ व २०७५।०७६ को चालु शिर्षकको स्वीकृत अन्य कार्यक्रमबाट खर्च व्यहोर्ने गरि गाउँपालिकाका वडा नं १ देखि ७ सम्मका तपशिलका स्थानहरुमा जनतालाई घरदैलोमा नै स्थानीय सरकारद्वारा सेवा उपलब्ध गराउने उद्देश्य अनुरुप नागरिकता सहितको घुम्ती स्वास्थ्य शिविर उपयुकत समयमा सरोकारवालासँग समन्वय गरि सञ्चालन गर्ने निर्णय गरियो ।

तपशिल:

- वडा नं १, २ र ३ को लागि खालाढिक
- वडा नं ४ र ५ को लागि लासी बजार
- वडा नं ६ र ७ को लागि उर्थु बजार

**निर्णय नं.-३**

यस पातारासी गाउँपालिकाको कार्यपालिकाको बैठकले तपशिल बमोजिमका क्षमता विकास तालिमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

तपशिलः

- विद्यालयमा लेखा सम्बन्धी तालिम
- कार्यपालिका सदस्यहरुलाई मोबाइल एप्स क्षमता विकास अभिमूखीकरण तालिम
- महिला क्षमता विकास तालिम
- लक्षित समूह क्षमता विकास तालिम
- गाउँपालिका प्रतिनिधि र योजना सञ्चालक समूहको चेतना मूलक तालिम
- वडा सचिवहरुलाई पञ्जीकरण तालिम

**निर्णय नं.-४**

यस पातारासी गाउँपालिकाको आ व २०७५।०७६ को आकस्मिक कोषबाट खर्च हुने गरि तपशिलका विद्युत मर्मत गर्ने निर्णय गरियो ।

तपशिलः

- घट्टेखोला जलविद्युत बाँता २०००००
- गुफा टर्वाइन तलिलोर्पा ३०००००
- रिनी विद्युत ४०००००

**निर्णय नं.-५**

यस पातारासी गाउँपालिका वडा नं २ का श्री मुन बहादुर बुढाको २०७५ साल माघ २१गते भेडीगोठ आगलागिबाट हुन गएको क्षतिलाई मध्ये नजर गरि गाउँपालिकाले राहत स्वरुप रु ३५ हजार दिने गर्ने निर्णय गरियो ।

**निर्णय नं.-६**

शिक्षा तथा समन्वय ईकाइ जुम्लाबाट प्राप्त विद्यालय भवन निर्माण योजना अन्तर्गत  यस पातारासी गाउँपालिकाको वडा नं ५ स्थित शंकर आधारभूत विद्यालयमा भवन निर्माणका लागि र ज्योती आधारभूत विद्यालय लासीमा शौचालय निर्माणका लागि सिफारिस गरि पठाउने निर्णय गरियो ।

निर्णय नं.-७

यस पातारासी गाउँपालिकाका विभिन्न स्थानहरुमा पछिल्ला दिनहरुमा चोरि, डकैटी का घटनाहरु बढ्दै गएको र पालिकाको केन्द्रमा निकट भविष्यमा बैंक स्थापना हुन गईरहेको सन्दर्भमा साविकको प्रहरी चौकीको स्तर वृद्धि र पालिकाको केन्द्रमा नयाँ चौकी स्थापना लगायतका आवश्यक सुरक्षा प्रबन्धको लागि जिल्ला सुरक्षा समितिमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

निर्णय नं.-८

जिल्ला खेलकुद विकास समिति जुम्लाबाट प्राप्त पत्र अनुसार यस पालिका अन्तर्गतका खेलाडिहरुले प्रदेश प्रतियोगिता पूर्वको विशेष प्रशिक्षणको लागि एवं प्रतियोगितामा सहभागि हुन जाँदा आउँदाको खर्च समेतका लागि जिल्ला खेलकुद विकास समितिलाई रु १ लाख २५ हजार अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-९

संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयको मिति २०७५।१०।१६,प सं २०७५।०७६ च नं ३९५ को प्राप्त मेल पत्रको सम्बन्धमा भारतीय सरकारद्वारा प्रदान हुने साना विकास परियोजना अन्तर्गत यस गाउँपालिकाका लागि निम्न योजनाहरु सञ्चालन गरिदिन आवश्यक कागजात सहित माग गर्ने निर्णय गरियो ।

तपशिलः

- उर्थू बाँता लोर्पा लुम न्याउरीघाट हुँदै मुगु जोड्ने सडक
- सरस्वती माध्यमिक विद्यालय रिनि प्राविधिक भवन निर्माण

**अर्को आदेश नहुन्जेल सम्मका लागि आजको बैठक स्थगित गरिएको छ ।**